# बरियारपट्टी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सुचना

(प्रकाशित मिति : २०७८/०७/०२ गते)

यस गाउँपालिकालाई आ.व. २०७८/०७९ मा तपसिल बमोजिमका खरिद कार्यहरू गर्नु पर्ने भएकोले सम्बन्धीत कार्यको लागि ईजाजत प्राप्त, मुल्य अभिवृद्धि करमा भएका इच्छुक निर्माण कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रहि शिलबन्दी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कार्यान्वयन स्थान | लागत अनुमान रकम रु.(मु.अ.क. सहित) | बोलपत्र फारम दस्तुर | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/25/2078/079 | औषधी तथा सर्जिकल समान खरिद | गाउँपालिकाको स्वास्थ्य शाखा तर्फ | १८४९४६०/- | १०००/- | ५५०००/- | |
| २ | BRM/26/2078/079 | स्नेटरी प्याड खरिद . | बरियारपट्टी गाउँपालिका | १५८९०००/- | १०००/- | ४००००/- | |

१. बोलपत्र फारम मिति २०७८/०७/१६ गते भित्र चालु आ.ब. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ.कर दर्ता तथा आ.व. २०७६/०७७ को कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरू संग्लन राखि लिखित निवेदन साथ उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरि इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट कार्यालय समय सम्म बोलपत्र कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र मिति : २०७८/०७/१७ गतेको १२:०० बजे भित्र बोलपत्र दर्ता गरी सक्नुपर्ने छ । सो समयावधि भन्दा ढिलो गरि बोपत्र स्वीकार गरिने छैन । यसरी बुझाएको बोलपत्र सोहि दिनको २:०० बजे खोलिने छ ।

३. बोलपत्रदाताले खरिद गरिएको बोलपत्र कागजात सहित प्रभु बैंक बरियारपट्टी शाखा, मा रहेको तपसिलको खाता नं. मा नेपाल बैंकबाट "क" बर्गको इजात प्राप्त बैंकबाट बोलपत्र फारम दस्तुर र कम्तीमा बोलपत्र प्रकाशित मितिले ७५ दिन अवधि भएको बिडबन्ड वा जमानत रकम जम्मा गरिएको भौचर पेश गर्नुपर्ने छ :

बोलपत्र फारम दस्तुरको हकमा : आन्तिरिक राजश्व ग.१.१ खाता नं. १४७०११६०८२६००१६६

जमानत रकमको हकमा : धरौटी खाता ग.३ खाता नं. १४७०११६०८२६०००४६

कार्यालय कोड नं. ८०२१६५०५३००

४. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेखित गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ ।

५. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सवाधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. शिलबन्दी नगरि प्राप्त भएको वा प्रचलित कानुन बमोजिम रित नपुगेको बोलपत्र स्वीकार गरिने छैन ।

७. रितपुर्वक दर्ता भएका बोलपत्रहरू प्रचलित कानुन बमोजिम तोकिएका बोलपत्रदाताको प्रतिनिधिको रोहबरमा खोलिने छ । तोकिएको दिन बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिती नभए पनी शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. बोलपत्र स्वीकृत हुँदा प्याकेजको रुपमा स्वीकृत नगरि आइटम वाइज दर स्वीकृत गर्न सकिनेछ । बोलपत्रदाताले बोलपत्रको आईटम वाईज बिडिङ्ग गर्नुपर्नेछ ।

९. बोलपत्र साथ आपुर्ति गर्ने औषधीहरू WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाणपत्र र औषधी व्यवस्या बिभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपीहरू अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१०. BRM/25/2078/079 को हकमा : धुलो र झोल औषधी बाहेक समपुर्ण औषधी Strip मा मात्र आपुर्ती गर्नु पर्नेछ । बोतलमा आपुर्ति हुने सबै औषधीहरू प्लाष्टिक बोतलमा हुनुपर्ने छ ।

११. कार्यालय हातासम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरू बोलपत्र दाताले नै व्यहोर्नुपर्छ ।

१२. आपुर्ति हुने औषधी र सेनेटरी प्याडको Expiry date स्टोर दाखिला हुने समयमा कम्तीमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी र सेनेटरी प्याडको Expiry date १८ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१३. सप्लाई हुने औषधी तथा अन्य अन्य सामानको प्रत्येक Strips lebeling र प्याकिटको बाहिर उत्पादन मिति, Expiry date , ब्याच नं. , उत्पादक कम्पनी र नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि भन्ने वाक्य उल्लेख भएको हुनुपर्नेछ ।

१४. स्नेटरी प्याडको प्याकिटको बाहिर उत्पादन मिति, Expiry date , ब्याच नं. , उत्पादक कम्पनी र नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि भन्ने वाक्य उल्लेख भएको हुनुपर्नेछ ।

१५. आपुर्ती गरिने सेनेटरी प्याडको गुणस्तर सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुचि १ अनुसारको हुनुपदर्नेछ । बोलपत्र साथै उत्पादनको ल्याब रिपोर्ट समेत पेश गर्नुपर्नेछ ।

१५. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

अधिकृत छैठौ